# वेदमा मानव अधिकार

**श्यामबाबु काफ्ले**[१]

**इमेल :** shandilyababu073@gmail.com

Kafle, S. (2026). वेदमा मानव अधिकार. *Sambahak: Human Rights Journal*, *26*(1), 177–200. https://doi.org/10.3126/sambahak.v26i1.96290

***सार-सङ्क्षेप***

*वेद पौरस्त्य दर्शनको महत्त्वपूर्ण ग्रन्थ हो, जसले मानिसले हाल प्रचलन, उपयोग र उपभोग गर्दै आएका आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र राजनीतिक अधिकारहरूलाई आध्यात्मिक धारबाट प्रष्ट्याएको छ अर्थात् ईश्वर र वैदिक यज्ञकार्यसँग जोडेर व्याख्या गरेको छ । यस लेखमा वेदलाई मानव अधिकारका दृष्टकोणबाट प्रस्फुटन हुने भाव, आशय र सारका आधारमा मानव अधिकारका दस्तावेजहरूसँग तुलना गरी वेदभित्र उल्लेख भएका मानवीय मर्यादा र स्वतन्त्रताका विषयहरूलाई मानव अधिकारका आँखाबाट हेर्ने प्रयास गरिएको छ । यस लेखमा वेदहरू, वेदको नेपाली अनुवाद, यस विषयमा प्रकाशित लेख, रचनाहरू र वेभसाइटहरू स्रोतका रूपमा प्रयोग गरिएको छ । यसका साथमा नेपालको संविधानसहित आधुनिक मानव अधिकारका दस्तावेजहरूसँग वेदका ऋचा र श्लोकहरूको सम्बन्ध देखाइएको छ । लेखमा मानव अधिकारको उत्पति र विकासमा वेदले अघोषित र स्वफूर्त रूपमा दिएको योगदानको सम्बोधन हुनुपर्नेमा जोड दिइएको छ । वेदसहित पौरस्त्य दर्शनका रूपमा रहेका हिन्दु, बौद्ध र किरात सभ्यतामा विकसित ग्रन्थहरूलाई विद्यालयदेखि महाविद्यालय तहसम्मको पाठ्यक्रममा समावेश गरी अध्ययन अध्यापन गराई मानव अधिकारको उत्पति र विकास पौरस्त्य दर्शनबाट भएको सन्देश विश्वव्यापी फैलाउन जरुरी छ।*

***प्रमुख शब्दकुञ्जीहरू :*** अथर्ववेद, ऋग्वेद, मानव अधिकार, यजुर्वेद, सामवेद

[१] उपसचिव, राष्ट्रिय मानव अधिकार आयोग।

## १. पृष्ठभुमी

मानव अधिकारको विषय विशेषतः युरोपेली देनको रूपमा लिने गरिएको छ। यसको उत्पति र विकास युरोपमा नै भएको हो भनी स्थापित गर्ने कार्य निरन्तर जारी छ। यसपछाडिको मुख्य आधार सन् १२१५ जून १५ मा वेलायतमा जारी भएको म्याग्नाकार्टा हो, जसको पूरा नाम बेलायतको स्वतन्त्रतासम्बन्धी बडापत्र (The Great Charter of the Liberties of England, 1215) हो । यस बडापत्रको धारा २० ले कुनै पनि स्वतन्त्र व्यक्तिलाई अपराधको गम्भीरता अनुसारमात्र दण्ड दिनुपर्ने, धारा ३९ ले न्यायालयबाट अपराध प्रमाणित नहुँदासम्म कुनै पनि स्वतन्त्र व्यक्तिलाई गिरफ्तार गर्न, कैद गर्न, उसको अधिकार वा सम्पत्ति खोस्न वा कुनै पनि रूपमा सजाय दिन नपाइने तथा धारा ४० ले कानुन र न्यायका दृष्टिमा सबै व्यक्ति समान हुने, न्यायको विषयलाई अस्वीकार नगरिने लगायतका मानव अधिकारसँग प्रत्यक्षतः सम्बन्धित व्यवस्थाहरू गरेको थियो। सम्भवतः यी र यस्ते प्रावधानहरूको व्याख्या गर्दै म्याग्नाकार्टालाई मानव अधिकारको पहिलो दस्तावेज भनेर प्रचार—प्रसार गरिएको हो। यसलाई मानव अधिकार उत्पत्तिको आधार मानिएको हो। नेपालको हकमा पनि करिब—करिब यही अवस्था कायम छ। यसैको निरन्तरतामा अङ्ग्रेजीमा लेखिएका शब्दभित्र मात्र मानव अधिकार भेटिन्छ भन्ने भ्रम कायम छ । कस्तुरीले आफूसँग भएको विना नदेखेजस्तै हामी पनि त्यस्तै अवस्थामा छौं । यो अवस्थाले हाम्रो अध्ययन संस्कृतिमा थप सुधार हुनुपर्ने देखाएको छ ।

पौरस्त्य दर्शनका रूपमा परिचय बनाउँदै आएका हिन्दु, बौद्ध र किरात सभ्यताका क्रमशः वेद, पुराण, त्रिपिटक र मुन्दुमहरूमा मानव मर्यादा र स्वतन्त्रताका विषयहरू उल्लेख भएका छन् तर ती विषयहरू मानव अधिकारका विषय बन्न सकेका छैनन्। मानव अधिकारको उत्पति र विकासको आधार बन्न सकेका छैनन्। यी दर्शनमा रहेका नकारात्मक विषयहरूमात्र बढी चर्चामा आउने र ल्याइने गरेको अवस्था छ। यी दर्शनमा रहेका मानव मर्यादा र स्वतन्त्रताका विषयहरूले मानव अधिकारको रूपमा प्रकट हुने अवसर अति नै न्यून मात्रमा पाएका छन्। यसपछाडिको मनोविज्ञान अङ्ग्रेजी भाषामा लेखिएका वा चर्चा गरिएका विषय र वस्तुमात्र वैधानिक हुन भन्ने मान्यता नै हो। हाम्रा दर्शनमा लिपिबद्ध गरिएका विषयलाई देववाणी र देवताका नाममा मात्र प्रयोग गर्नुपर्छ भन्ने सोच र बुझाइ पनि हो। दर्शनलाई व्यवहारमा प्रयोग पनि गर्न सकिन्छ भन्ने ज्ञान र दूरदृष्टिको अभाव हो। परिणामतः हामीले आफैंसँग भएको ज्ञान र सीपको पहिचान र प्रयोग गर्न नसक्दा आफ्नै मौलिकतालाई अर्काको भन्ने स्थानमा पुगेका छौं। आफूले आफैंलाई चिन्न नसक्दा अर्काको अस्तित्वलाई स्वीकार्दै नतमस्तक हुनुपरेको छ। हामीसँग भएका वस्तुको प्रयोग गरेर उत्पादन दिन सकेका छैनौं। भएकै चिज वस्तुको प्रचार—प्रसार पनि गर्न सकेका छैनौं। हामी अनुवादित र आयातित

संस्कृतिमा रमाउन बाध्य छौं र भयौं। मानव अधिकारका सन्दर्भमा पनि यसभन्दा धेरै टाढा रहन सकेनौं। यस विषयलाई एक प्रकाशनमा विशेषतः पौरस्त्य दर्शनले आत्मसात गरेका व्यवहार, आचरण वा कतिपय प्रावधान वर्तमान मानव अधिकारका

प्रावधानभन्दा बढी प्रगतिशील छन् भनी उल्लेख गरिएको विषयले पनि थप स्पष्ट गर्दछ (सिवाकोटी, २०८१) ।

उल्लिखित सन्दर्भमा यस लेखमा मानव अधिकारको उत्पति र विकासमा पौरस्त्य दर्शनको प्रमुख ग्रन्थ वेदको योगदान रहेको विषयलाई उल्लेख गर्ने जमर्को गरिएको छ। वेदसहित प्रचलनमा रहेका पौरस्त्य दर्शनका अन्य कतिपय विधाहरूले पनि मानव अधिकारको उत्पत्ति र विकासमा महत्त्वपूर्ण योगदान पुर्याएका छन् । यस्तो योगदान घोषित भन्दा पनि अघोषित र स्वफूर्त रूपमा हुँदै आएका छन्। यसै परिप्रेक्ष्यमा यस लेखमा विशेषतः हिन्दु धर्म (दर्शन) को प्रमुख ग्रन्थका रूपमा परिचित वेदमा भएका मानव अधिकारसँग सम्बन्धित केही विषयहरूलाई मात्र उल्लेख गर्ने प्रयास गरिएको छ, जसलाई राष्ट्रसङ्घमार्फत विकास भएका मानव अधिकारका आधुनिक प्रमुख दस्तावेज र नेपालको सन्दर्भमा विशेषतः संविधानसँग जोडेर हेर्ने प्रयास गरिएको छ । आध्यात्मिक अर्थात ईश्वरपरक एवम् यज्ञपरक रूपमा प्रयोग भएका वेदका मन्त्रहरूलाई जस्ताको तस्तै अनुवाद गर्नेभन्दा पनि मानव अधिकारका आधुनिक दस्तावेजहरूको पृष्ठभूमिमा अधिकारका दृष्टिकोणबाट प्रस्फुटन हुने भाव, आशय र सारका आधारमा यो लेख तयार गरिएको छ ।

## २. वेदको परिचय

जसरी मानव अधिकारको विश्वव्यापी घोषणापत्र आधुनिक मानव अधिकारको मूल स्रोत हो, त्यसैगरी हिन्दु धर्म र सम्प्रदायका सबै ग्रन्थहरूको मूल स्रोत वेद हो । यो विशेषतः हिन्दु धर्मको सबैभन्दा महत्त्वपूर्ण र प्राचीन ग्रन्थ हो । हिन्दु सम्प्रदायको प्रमुख दर्शन हो । श्रुतिअनुसार वेद भगवानले ऋषिमुनिहरूलाई सुनाएको ज्ञानको सङ्ग्रह हो । ज्ञानको मूल स्रोत हो । मानव सभ्यताको आधारस्तम्भ हो । सम्भवतः सबैभन्दा पुरानो जीवित ग्रन्थ पनि हो। आधुनिक मानव अधिकारका आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र राजनीतिक अधिकारहरूको मूल स्रोत हो। आधुनिक मानिसका दिनचर्याका विषयहरू समावेश गरिएको ग्रन्थ हो। 'मानव अधिकार' भन्ने शब्दको प्रयोग नभए पनि हामीले प्रचलनमा प्रयोग गरिरहेका अधिकारहरूलाई सम्बोधन गर्ने दस्तावेद पनि हो । वेदलाई संस्कृतबाट नेपालीमा अनुवाद गर्ने एक अनुवादकले हितकारी शिक्षाको भण्डार र मानवहितकारी शिक्षाको निधि पनि भनेका छन् (लुइटेल, २०८२) ।

वेद कति वर्ष पुरानो हो भनी यकिन भएको छैन यद्यपि भारतका एक शिक्षाशास्त्रीले वैदिक दर्शनको विकासकाल भनी इशापूर्व १५०० देखि ६०० उल्लेख गरेका छन् (राधाकृष्णायन, १९१७)। वेदहरूमध्ये सबैभन्दा पुरानो वेद ऋग्वेद ईशापूर्व १९०० देखि १२०० सम्म प्रचलनमा रहेको (Bryant, 2001) उल्लेख छ । सबैभन्दा पुरानो मानिएको ऋग्वेदलाई लगभग ईशापूर्व १५०० देखि १२०० अविधिको ग्रन्थ (Koul, 2024 ) भनिएको छ । यस सम्बन्धमा नेपालको ज्ञान तथा विज्ञानमा समर्पित भनिएको एक अनलाइन प्रकाशनमा यसलाई ६५०८ वर्ष पुरानो ग्रन्थ (साइन्स इन्फोटेक, २०१६) भनिएको देखिन्छ । यो प्राचीन ग्रन्थले देवता, ब्रह्माण्ड, ज्योतिष, गणित, रसायन, औषधि, प्रकृति, खगोल, भूगोल, धर्म, इतिहास, संस्कार, रीतिरिवाजसमेतका ज्ञान सम्प्रेषण गरेको छ । यसमा मानव अधिकारका विषयहरू पनि प्रवाह भएका छन् ।

मानव अधिकारलाई मुख्य रूपमा आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र राजनीतिक अधिकार भनी पाँच किसिमले विभाजन गरिएको छ भने वेदलाई ऋग्वेद, सामवेद, अथर्ववेद र यजुर्वेद गरी चार भागमा वर्गीकरण गरिएको छ ।यी वेदहरूमध्ये ऋग्वेदमा विभिन्न विषयसँगै सामाजिक जीवनसँग सम्बन्धित राज्य, समाज, युद्ध, विवाहजस्ता विषयहरू उल्लेख छन् ।सामवेद सांस्कृतिक अधिकारसँग नजिक रहेको, सङ्गीत र गायनसँग सम्बन्धित मानिन्छ । अथर्ववेद विवाह, परिवार, औषधोपचारसहित दैनिक जीवनसँग सम्बन्धित छ ।यजुर्वेद राज्यसत्ता सञ्चालन एवम् कर्तव्यसँग समेत सम्बन्धित छ। यी विषयहरू कहीँ न कहीँ मानव अधिकारसँग सम्बन्धित छन् । यस सम्बन्धमा तल सङ्क्षेपमा चर्चा गरिएको छ ।

## ३. मानव अधिकारको परिचय

मानव अधिकार व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित विषय हो । मानव अधिकार संविधान, अन्य प्रचलित कानुन र यससँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिसम्झौतामा निहित अधिकारहरूको समूह हो ।यस आधारमा नेपालको संविधान, मौलिक हक कार्यान्वयन गर्ने र अन्य प्रचलित ऐनहरू र नेपालले अनुमोदन गरेका मानव अधिकारसँग सम्बन्धित सबै अन्तर्राष्ट्रिय महासिन्धहरूले प्रदान गरेका विषयहरू मानव अधिकार हुन् । यी सबैको मूल मर्म मानिसका आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र राजनीतिक अधिकार समान र विनाविभेद सबैले पाउनुपर्दछ भन्ने नै हो ।

आधुनिक मानव अधिकारको मूल स्रोत मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ (यसपछि घोषणापत्र भनिएको) हो । यस घोषणापत्रले मानिसका स्वतन्त्रता र मर्यादा, समानता, शान्तिसुरक्षा, कानुनको अगाडि समानता, न्याय, स्वेच्छाचारी एवम् गैरकानुनी थुना, परिवार, आवतजावत, विवाह र परिवारको स्थापना, सम्पत्तिसम्बन्धी, सङ्गठित हुने र सभा गर्ने, अभिव्यक्ति स्वतन्त्रता, मतदान गर्ने र

प्रतिनिधि छान्ने, राज्य सञ्चालनमा भाग लिने, खाद्यान्न, आवास, लत्ताकपडा, औषधोपचार तथा सामाजिक सुरक्षा, शिक्षा, सांस्कृतिक जीवनमा सहभागी हुन पाउने लगायतका अधिकार र मानिसका कर्तव्यसमेतका बारेमा उल्लेख गरेको छ ।यस लेखमा मुख्य रूपमा घोषणापत्रमा लेखिएका यिनै विषयहरूलाई वेदमा खोज गरी त्यसको भाव, सार र अर्थको आधारमा संक्षिप्तमा उल्लेख गर्ने प्रयास गरिएको छ ।

## ४. वेदमा मानव अधिकार

### *४.१ ऋग्वेदमा मानव अधिकार*

**ऋग्वेद**मा आधुनिक मानव अधिकारसँग प्रत्यक्ष सम्बन्धित विभिन्न व्यवस्थाहरू उल्लेख छन्। आधुनिक मानव अधिकारको पहिलो दस्तावेजको रूपमा रहेको घोषणापत्रको धारा ३, नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध, १९६६ को (यसपछि नागरिक अनुबन्ध भनिएको) धारा २(३), धारा ९ र नेपालको संविधान (यसपछि संविधान भनिएको) को धारा २० समेतमा उल्लेख भएका विषयहरू वेदमा समेटिएको पाइन्छ (कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, २०७५)। मानिसका जीवन, स्वतन्त्रता र सुरक्षासहित प्रभावकारी उपचार पाउने अधिकारहलाई **ऋग्वेद** (लुइटेल, २०८२) ले ३६ सूक्तका निम्न ऋचाहरूमा यसरी सम्बोधन गरिएको छः

*पाहि नो अग्ने रक्षसः पाही धूर्तेरराव्णः ।*
*पाहि रीषत उतवा जिघांसतो बृहभ्दानो यविष्ठय ।।१५।।*

*त्वैषासो अग्नेरमवन्तो अर्चयो भीसानो न प्रतितये ।*
*रक्षस्विनः सन्निद्धातुमावतो विश्र्वं समत्रिणं दह ।।२०।।*

सारमा यी ऋचाहरूले राक्षस, मूर्ख, हिंसा र जघन्य अपराधबाट सर्वसाधारणलाई बचाउनुपर्छ र मानवताको रक्षाका लागि शत्रुहरूलाई निर्मूल पार्नुपर्दछ भनेको छ । यस्तै आशय ४२ सूक्तमा पनि उल्लेख छन् ।सो सूक्तका विभिन्न मन्त्रहरूमा अधिकारका विषयमात्र नभएर घोषणापत्रको धारा २९ मा उल्लेख भएबमोजिम कर्तव्यका विषयहरूलाई पनि यसरी उल्लेख गरिएका छन्ः

*यो नः पूषन्नघो वृको दुःशेव आदिदेशति ।*
*अप स्म तं पथो जहि ।।२।।*

*अति नः सच्श्रतो नय सुगा नः सुपथा कृणु ।*
*पुषन्निह ऋतुं विद ।।७।।*

*शग्धि पूर्धि प्रयंसि च शिशीहि प्रास्युदरम् ।*

*पूषन्निह ऋतुं विदः ।।९।।*

उल्लिखित ऋचाहरूमा सर्वसाधारणमाथि जुवाडे, हिंस्रकबाट शासन गर्ने अवस्था आउन नदिन र सर्वसाधारणलाई सहज रूपमा कर्तव्य पालना गर्ने वातावरण मिलाउनलाई अनुरोध गरिएको छ। घोषणापत्रमा उल्लेख भएको सम्पत्ति र खाद्यान्नको अधिकारका सन्दर्भमा सर्वसाधारणलाई धनले सम्पन्न गराउनुपर्ने र पेटभरी खान पाउनुपर्ने विषय उल्लेख छ। अष्टम मण्डलको सूक्त ४५ मा आफ्ना नागरिकलाई जसरी भए पनि हरेक किसिमबाट सम्पन्न गराउनुपर्छ भनी निम्नबमोजिम उल्लेख गरिएको छ :

*वि षु विश्वा अभियुजो वज्रिन्विष्वग्यथा वृह ।*

*भवा नः सुश्रवस्तमः ।।८।।*

घोषणापत्र र नागरिक तथा राजनीतिक अनुबन्धको धारा ९ र १० एवम् संविधानको धारा २० मा उल्लिखित गैरकानुनी थुना, न्याय र कैदीबन्दीको अधिकार संरक्षणसम्बन्धी विषयहरू ऋग्वेदमा समेत रहेका छन् ।कसैलाई पनि गैरकानुनी थुनामा राख्न निषेध गर्दै कानुनी रूपमा थुनामा रहेका कैदीबन्दीको खाद्यान्न गुणस्तरीय हुनुपर्ने र थुनुवा केन्द्र मानवमैत्री हुनुपर्नेतर्फ प्रथम मण्डलकै सूक्त ११६, ११७ र ११९ का देहायबमोजिमका ऋचामार्फत् दिशानिर्देश भएको छ :

*हिमेनाग्निं घ्रंसमवारयेथां पितुमतीमूर्जमस्मा अधत्तं ।*

*ऋबीसे अत्रिमश्विनावनीतमुन्निन्यथुः सर्वगणं स्वस्ति ।।८।।*

*ऋषिं नरावंहसः पाञ्चजन्यमृबीसादत्रिं मुञ्चथो गणेन ।*

*मिनन्ता दस्योरशिवस्य माया अनुपूर्वं वृषणा चोदयन्ता ।।३।।*

*युवं रेभं परिषूतेरुरुष्यथो हिमेन धर्मं परितप्तमत्रये ।*

*युवं शयोरवसं पिप्यथुर्गवि प्र दीर्घेण वन्दनस्तार्यायुषा ।।६।।*

उल्लिखित श्लोकहरूमा कालकोठरीमा थुनेर राखेका अत्रि ऋषि र उनका सहयोगीलाई कष्टपूर्ण कारावासबाट मुक्त गरेर स्वास्थ्यका लागि अति आवश्यक पौष्टिक पदार्थ खान दिएको र कारावासमा रहँदा अति गर्मी हुँदा शीतल जलले शान्त गराएको भनी उल्लेख छ । घोषणापत्रको धारा २, नागरिक अनुबन्धको धारा ५, ९ र १० तथा संविधानको धारा १७ का स्वतन्त्रताका विषयहरूसँग मिल्दोजुल्दो प्रावधान ऋग्वेदको पंचम मण्डलको सूक्त ७८ मा देहायबमोजिम उल्लेख भएको छः

*वि जिहीष्व वनस्पते योनिः सूष्यन्ता ।*

*श्रुतं मे अश्विना हवं सप्तवध्रं च मुञ्चतम् ।।५।।*

*भिताय नाधमानाय ऋषये सप्तवध्रये ।*

*मायाभिरश्विना युवं वृक्षं सं च वि चाचथः ।।६।।*

यी ऋचाले सारमा बन्धनमा रहेका वा बन्धनमा परेका ऋषिलाई मुक्त गराउनुपर्छ भनेका छन्, जसलाई हालको बन्दीप्रत्यक्षीकरणको निवेदनसँग जोडेर हेर्न सकिन्छ । स्वतन्त्रतासँग नै सम्बन्धित विषय अष्ट मण्डलको सूक्त ७१ मा पनि मानिसहरू कहिल्यै पापीको बन्धन वा नियन्त्रण नपरून् भनी कामना गरिएको छ ।

*उरुष्या णो मा परादा अघायते जातवेदः ।*

*दुराध्येघ मर्ताय ।।७।।*

घोषणापत्रको धारा १६, नागरिक अनुबन्धको धारा १७ र २३, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विषयक अनुबन्ध, १९६६ (यस पछि आर्थिक अनुबन्ध भनिएको) को धारा १०, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९ (यसपछि महिला महासन्धि भनिएको) को धारा १६ एवम् संविधानको धारा ३८(६), ३९(२) बमोजिम प्रयोग गरिरहेका विवाह र पारिवारिक

अधिकार तथा अभिभावकको दायित्त्वको बारेमा ऋग्वेदको दशौं मण्डलका क्रमशः सूक्त २७, ३० र ८५ मा तल लेखिएबमोजिम उल्लेख छः

*कियती योषा मर्यतो बधुयोः परिप्रीतापन्यसा वार्येण ।*

*भद्रा वधूर्भवति यत्सुपेशाः स्वयं  मित्रं वनुते जने चित् ।।१२।।*

*एवेद्धूने युवतयो नमन्त यदीमुशन्नुशतीरेत्यच्छ ।*

*सं जानते मनसा सं चिकित्रेऽध्वर्यवोधिषणापचश्च देवी ।।६।।*

*सोमो वधूयुरभवदश्विनास्तामुभा वरा ।*

*सूर्यां यत्पत्ये शंसतीं मनसा सवितादात् ।।९।।*

यी ऋचाले उमेर पुगेकी महिला वा पुरुषले एकअर्कालाई चाहेमा सहमतिमा विवाह गरी परिवार बसाल्न सक्ने र त्यस्तो कार्यलाई परिवारले मान्यता दिनुपर्ने आशय व्यक्त गरेको छ। विधवा (एकल) महिला संरक्षणको विषयलाई सूक्त ४० मा निम्नबमोजिम उल्लेख गरिएको छः

*युवं ह कृशं युवमश्विना शयुं युवं विधन्तं विधवामुरुष्यथः*

*युवं सनिभ्यः स्तनयन्तामश्विनाप व्रजमूर्णुथः सप्तास्यम् ।।८।।*

महिलाको शिक्षा सम्बन्धमा उनीहरूलाई ज्ञान सम्पन्न गराउनुपर्नेतर्फ पञ्चम मण्डलको सूक्त ८० मा सूर्यपुत्री उषादेवीका बारेमा निम्नबमोजिम उल्लेख छ :

*एषा व्येनी भवती द्विबर्हा आविष्कृण्वाना तन्वं पुरुतात्ः*

*ऋतस्य पन्थामन्वेति साधु प्रजानतीव न दिशो मिनाति ।।४।।*

यस ऋचाले ज्ञानबाट सम्पन्न स्त्री जसरी कुनै पनि दिशामा झुक्किंदैनन्, त्यसरी नै उषादेवी पनि झुकिन्नन् भनी महिलालाई शिक्षा दिनुपर्नेतर्फ इङ्गित गरेको छ । वर्तमान समयमा पनि महिलामाथि घरभित्र हुने थिचोमिचो र हिंसा कायम छ । यस्ता कार्य हुन हुँदैन भनी  त्यहींवेला ऋग्वेदमा उल्लेख भएको पाइन्छ । दशौं मण्डलको सूक्त ८५ मा बुहारीलाई तल उल्लेख गरिएबमोजिम महारानीको स्थानमा राखिएको छः

*साम्राज्ञी श्ववशुरे भव साम्राज्ञी व्श्रश्रवां भव*

*ननान्दरि सम्राज्ञी भव सम्राज्ञी अधि देवृषु ।।४६।।*

महिलाको मर्यादा र सम्मानको सन्दर्भमा तृतीय मण्डलको सूक्त ५३ मा परिवारको सुख, घर अर्थात् आश्रयस्थल भनी देहायबमोजिम उल्लेख छः

*जायदस्तं मघवन्त्सेदु योनिस्तदित्वा युक्त हरयो वहन्तु।*

*यदा कदा च सुनवासः सोममग्निष्ट्वा धूतो धन्वात्यच्छ ।।४।।*

यस ऋचाले बुहारीलाई सासु, ससुरा, नन्द र देवरका लागि तिमी महारानी भएकीले तिमी स्वामिनीको स्थानमा छौ भनी सम्बोधन गरेको हो ।

महिलालाई गर्भमा रोग लाग्न दिन नहुने आशयसहित गर्भमा रहेको भ्रूण संरक्षण गर्ने र रोग नाश गर्ने विषय दशम मण्डलको सूक्त १६२ मा देहायबमोजिम उल्लेख छः

*ब्रह्मणाग्निः संविदानो रक्षोहा बाधतामितः ।*

*अमीवा यस्ते गर्भदुर्णामा योनिमाशये ।।१।*

*यस्ते हन्ति पतयन्तं निषत्स्नुं यःसरीसृपम् ।*

*जातं यस्ते जिघांसति तमितो नाशयामसि ।।३।।*

शिशु र बालबालिकाको अधिकार सन्दर्भमा गर्भमा रहँदा पीडा नहोस् भन्ने कामना र जन्मिएपछि स्तनपान गर्न र स्वस्थ रहन पाउने अधिकार हुने प्रथम मण्डलको सूक्त १०४ र द्वितीय मण्डलको सूक्त ३९ मा उल्लेख छ । सूक्त १०४ ले गर्भमा रहेका सन्तानलाई पीडा नपुर्याउन निम्नबमोजिम अनुरोध गरेको छः

*स त्वं न इन्द्र सूर्ये सो अप्स्वनागास्त्व आ भज जीवक्कंसे ।*

*मान्तरां भुजमा रिरीषो नः श्रद्धितं ते महत इन्द्रियाय ।।६।*

यस्तै द्वितीय मण्डलको सूक्त ११४ ले बालबालिकालाई हिंसा नगर्न निम्नबमोजिम अनुरोध गरेको छः

*मा नो महान्तमुत मा नो अर्भक मा न उक्षन्तमुत मा न उक्षितम् ।*

*मा नो वधीः पितरं मातरं मा नः प्रियास्तनवो रुद्र ररिषः ।।७।*

यस ऋचाले गर्भमा रहेका शिशुहरू र साना बालबालिकालाई हिंसा नगर्न निर्देश गरेको छ ।

यतिमात्र होइन, पछिल्लो अवधिमा संसारमा विकसित भएको संक्रमणकालीन न्यायसँग जोडेर हेर्ने हो भने अपराध गर्ने व्यक्तिले माफ मागे वा पश्चाताप वा प्रायश्चित गरेमा त्यस्तो व्यक्तिलाई क्षमा दिन सकिने विषय पनि ऋग्वेदमा उल्लेख छ । यो विषय सूक्त ८७ र ९३ का ऋचामा निम्नबमोजिम उल्लेख भएको छः

*यो मृडयाति चक्रुषे चिदागो वयं स्याम वरुणे अनागाः*

*अनु व्रतानयदितेर्धन्तो यूपं पात स्वर्तिभिः सदा नः ।।७।।*

*सो अग्न एना नामसा समिद्धोऽच्छा मित्रं वरुणमिन्द्रंवोचे :।*

*यत्सीमागचश्रकृमा त्तत्सु मृड तदर्यमादितिः शिश्रथन्तु ।।७।।*

समानता मानव अधिकारको प्रमुख सिद्धान्त हो । यसलाई घोषणापत्र तथा नागरिक र आर्थिक अनुबन्धसमेतका दस्तावेजहरूले प्राथमिकताका साथ उल्लेख गर्दै मानिस–मानिसबीचमा विभेद गर्न नहुने भनी गरेको व्यवस्थालाई ऋग्वेदले पनि सम्बोधन गरेको छ। यस वेदका दुई, तीन, पाँच, सात र दश मण्डलका विभिन्न सूक्तहरूमा यस बारेमा चर्चा गरिएको छ ।यसले मानिसलाई पाँच वर्णमा विभाजन गर्दै समाजका पाँचै वर्णलाई उच्चस्तर र एकअर्का सबैलाई मूल्यवान् बनाउनु भनेको छ ।

*वयमग्ने अर्वता वा सुवीर्यं ब्रम्हणा वा चितयेमा जनौं अति ।*

*अस्माकं द्युम्नमधि पञ्च कृष्टपूच्चा स्वर्ण शुशुचीत दुष्टरम् ।।१०।। (२.२.१०)*

पाँचै किसिमका मानिससँग भएको बललाई शक्तिको रूपमा स्वीकार गर्न,

*इन्द्रियाणि शतक्रतो या ते जनेषु पञ्चसु ।*

*इन्द्र तानि त आ वृणे ।।१।। (३.३७.९)*

पाँचै वर्णका सबै मानिसलाई रक्षा गर्न,

*यदिन्द्र ते चतस्रो यच्छूर सन्ति तिस्रः ।*

*यद्वा पञ्च क्षितीनामवस्तत्सु न आ भर ।।२।। (५.३५.२)*

पाँचै वर्णलाई चारैतर्फबाट सम्पति ल्याएर भए पनि हित गर्न,

*आ पच्श्चातान्नासत्या पुरस्तादाश्विना यातमधरादुदक्तात् ।*

*आ विश्वतः पाञ्चजन्येन राया यूयं पात स्वस्तिभिः सदा नः ।।५।।*

पाँचै वर्णका मानिसलाई काम गर्न(रोजगारीको लागि) प्रेरित गर्न,

*एषा स्या युजाना पराकात्पञ्च क्षितीः परि सद्यो जिगाति ।*

*अभिपश्यन्ती वयुना जनानां दिवो दुहिता भुवनस्य पत्नी ।।४४।।*

पृथ्वीमा उत्पादन भएका सबै कुरा पाँचै वर्णले ग्रहण गर्न

*पञ्च जना मम होत्रं जुषन्ता गोजाता उत ये यज्ञियासः ।*

*पृथिवी नः पार्थिवात्पात्वंहसोऽन्तरिक्षं दिव्यात्पात्वस्मान् ।।५।।*

पाँचै वर्णका मानिसले स्वर्गीय सुख भोगन पाउन् भनी थप निम्न ऋचामा पनि उल्लेख छः

*यस्येक्ष्वाकुरूप व्रते रेवान्मराय्येधते ।*

*दिवीव पञ्च कृष्टयः ।।४।।*

### ***३. २ यजुर्वेदमा मानव अधिकार***

चार वेदमध्येको यजुर्वेदमा पनि मानव अधिकारसँग सम्बन्धित कतिपय प्रावधानहरू उल्लेख छन् । मानव अधिकारका प्रमुख अन्तर्राष्ट्रिय दस्तावेजका रूपमा रहेको घोषणापत्रको धारा ८, नागरिक अनुबन्धको धारा १४ र राष्ट्रिय दस्तावेजको रूपमा रहेको संविधानको धारा २० मा उल्लेख भएबमोजिम न्यायिक उपचार पाउने हकका विषयमा पनि यजुर्वेदमा प्रत्यक्ष अप्रत्यक्ष व्यवस्थाहरू रहेका छन् । यजुर्वेदको (लुइटेल, २०८०) अध्याय एकमा दुष्ट र हिंस्रकले दुःख दिएर हत्या गर्नेलाई कडा सजाय गर्नुपर्ने आशय निम्नबमोजिम उल्लेख छः

*धूरसि धूर्व धूर्वन्त धूर्व तं योस्मान्धूर्वीति तं धूर्व यं वयं धूर्वामः।*

*देवानामसि वह्नितमम् सस्नितम् पप्रतिमं जुष्टतमं देवहूतमम् ।।८।।*

यस ऋचाले अनेकौंलाई दुःख दिने एवम् हत्या गर्नेलाई कडा कारवाही गर्न र मानिसलाई अपराध, पाप एवम् अधर्मबाट बचाउनुपर्ने सन्देश प्रवाह गरेको छ। घोषणापत्रको धारा ३ मा उल्लेख भएको सुरक्षाको अधिकारसँग प्रत्यक्ष सम्बन्धित व्यवस्था अध्याय ११ मा पनि उल्लेख छ । सो अध्यायमा अग्नि देवता (सरकार प्रमुखको रूपमा बुझ्न सकिन्छ) ले चोरी, डाका, लुटपाट गर्ने, जङ्गलमा लुकेर हानिनोक्सानी पुर्याउने, घरआँगनमा दुष्कर्म हुन नदिई सुरक्षा गर्ने भनी उल्लेख भएको छ । दुष्कर्म र हानिको सन्दर्भमा घोषणापत्रको धारा ५ मा उल्लेख भएको अमानवीय तथा अपमानजनक व्यवहारलाई  पनि जोडेर हेर्न सकिन्छ ।भनिन्छ, नागरिकले स्वतन्त्रता प्राप्त गर्ने प्रमुख आधार शान्ति र सुरक्षा हो । यस आधारमा हेर्दा यस अध्यायमा उल्लेख भएको विषय घोषणापत्रको धारा २८ मा उल्लिखित स्वतन्त्रताको अधिकारसँग पनि सम्बन्धित देखिन्छ । सो भावना र आशय व्यक्त भएको ऋचालाई निम्नबमोजिम प्रस्तुत गरिएको छः

*ये जनेषु मलिम्लवः स्तेनासस्तस्करा वने ।*

*ये कक्षेष्वघायवस्ताँस्ते दधामि जमेभयो ।।७९।।*

घोषणापत्रले मानव परिवारका सबै सदस्यको हकमा उल्लेख गरेको प्रतिष्ठा, महिला महासन्धिले महिलालाई दिएको उच्चस्थान र नेपालको संविधानको धारा ३८ ले महिलालाई दिएको सम्मानका सन्दर्भमा तुलना गर्दा यजुर्वेदले महिलालाई गर्भस्थान र प्रजनन प्रक्रियासँग जोडेर प्रकृतिभित्रको पनि सर्वश्रेष्ठ प्रकृति भनी सम्बोधन गरेको छ अर्थात् महिलाको सम्मान हुनुपर्ने विषयलाई उल्लेख गरेको छ । यसलाई यस वेदको अष्टमाध्यायमा निम्नबमोजिम उल्लेख गरिएको छः

*यस्तै ते यज्ञियो गर्भो यस्यै योनिर्हिरण्ययी ।*

*अङ्गान्हुता यस्य तं मात्रा समजीगमम् स्वाहा।।२९।।*

सङ्क्रमणकालीन न्यायिक प्रक्रियाभित्रको एक प्रक्रिया दोष गर्नेले पश्चाताप गर्नु पनि हो ।यो प्रक्रिया मानव अधिकारसँग सम्बन्धित सङ्क्रमणकालीन न्यायसँग पनि सम्बन्धित छ। यस सन्दर्भलाई पनि यस वेदको विंशोऽध्यायमा निम्नबमोजिम उल्लेख गरिएको छः

*यदि दिवा यदि नक्तमेनाम् सि चकृमा वयम् ।*

*वायुर्मा तस्मादेनसो विश्वान्मुञ्चत्वगुँ हसः।।१५।।*

यसै अध्यायमा देवता (राज्य) का लागि देवकार्य (असल कार्य) गर्दागर्दै कुनै पाप (अपराध) कार्य हुन गएमा प्रायश्चित गर्नुपर्ने भन्दै स्वेच्छाचारितालाई निरुत्साहित गरेको देखिन्छ ।यसलाई तल उल्लिखित ऋचामा देहायबमोजिम प्रस्तुत गरिएको छः

*यदापो अघ्न्याऽ इति वरुणेति शपामहे ततो वरुण नो मुञ्च ।*

*अवभृथ निचुम्पुण निचेरुरसि निचुम्पुणः ।*

*अव देवैर्देवकृतमेनोयक्ष्व मर्त्यैर्मर्त्यकृतं पुरुराव्णो देव रिषस्पाहि ।।१८।।*

यस वेदको एकादशोऽध्यायमा पनि मानव अधिकारका विषयहरू कुनै न कुनै रूपमा सम्बोधन भएका छन् ।उक्त अध्यायले घोषणपत्रको धारा १ मा उल्लेख भएबमोजिम मर्यादित एवम् प्रतिष्ठित जीवन एवम् भातृत्व, धारा ३ मा उल्लेख भएबमोजिम जीवन र सुरक्षा, धारा २२ मा उल्लेख भएबमोजिम सामाजिक सुरक्षा, धारा २३ बमोजिमको काम गर्न पाउने सम्बन्धी व्यवस्था र धारा २५ बमोजिमको स्वास्थ र कल्याणसमेतका अधिकारका विषयहरूलाई सम्बोधन गरेको सहज अनुमान गर्न सकिन्छ। यस्तै अनुमान धारा २१(१) मा उल्लेख भएको नागरिकमाथि शासन गर्ने नेतृत्व (जनप्रतिनीधि) का हकमा पनि गर्न सकिन्छ । सोही ऋचामा उल्लेख भएको बाँच्नका लागि अति आधारभूत वस्तुहरूः पानी र खाद्यान्नको सम्पन्नता एवम् पूर्णताका बारेमा भएको व्यवस्था पनि धारा २५ भन्दा टाढा नरहेको देखिन्छ ।यी विषयहरू उल्लेख भएको ऋचालाई देहायबमोजिम प्रस्तुत गरिएको छः

*प्रतूर्वन्नेह्यवक्रामन्नशस्ती रुद्रश्य गाणपत्यम मयोभूरेहि ।*

*उर्वन्तरिक्षं स्वस्तिगव्यूतिरभयानि कृण्वन् पूष्णा सयुजा सह ।।१५।।*

कानुनी शासन मानव अधिकारको अर्को महत्त्वपूर्ण पक्ष हो । यस विषयमा साङ्केतिक रूपमा उल्लेख भएको पाइन्छ। पच्चिसौं अध्यायमा नागरिकलाई शक्तिशाली र पराक्रमी बनाउँदै पाप र अपराधबाट टाढा राख्नुपर्ने विषयलाई देहायबमोजिम उल्लेख गरिएको छः

*सुगव्यं नो वाजी स्वश्व्यं पुंगुँसः पुत्राँईऽ उत विश्वापुषगुँ रयित् ।*

*अनागास्त्वं नो अदितिः कृणोतु क्षत्रं नो अश्वो वनतागुँ हविष्मान् ।।४५।।*

माथि उल्लिखित ऋचाहरूमा उल्लेख भएका धेरै विषयहरू मानव अधिकारसँग जोडेर हेर्दा घोषणापत्रसँग नजिक देखिन्छन् । उदाहरणका लागि धारा ३ मा उल्लेख भएको व्यक्तिको सुरक्षा, धारा १६ बमोजिम परिवारको संरक्षण, धारा २२ बमोजिमको सामाजिक सुरक्षा, धारा २३ बमोजिमको काम गर्न पाउने र धारा २५ बमोजिमको जीवनस्तर, खाद्यान्न, आवास, स्वास्थ्यको

अधिकारसम्बन्धी व्यवस्थालाई लिन सकिन्छ, जसको मुख्य सार सबै मानिसलाई पर्याप्त मात्रामा संद्धि, सम्पन्नता र प्रतिष्ठा प्राप्त होस् भन्ने नै हो (बज्ञाडे, २०७३) ।

यस वेदले अहिंसा, समानता, न्याय, बालबालिका, वर्ण र वर्गबीचका समानता, स्वास्थ्य उपचारजस्ता मानव अधिकार सम्बद्ध विषयहरूको बारेमा चर्चा गरेको छ भनी उल्लेख गर्नुभएको पाइन्छ ।

### *३.३ सामवेदमा मानव अधिकार*

ऋग्वेद, अथर्ववेद र यजुर्वेदमा जस्तै सामवेदमा पनि मानव अधिकारसँग सम्बन्धित कतिपय विषयहरू स्वस्फूर्त रूपमा उल्लेख भएका छन् । यो वेद मुख्यतः मानव अधिकारका पाँच विषयमध्ये आर्थिक अनुबन्धको धारा १५ मा व्यवस्थित सांस्कृतिक अधिकारसँग पनि सम्बन्धित छ। किनभने साँस्कृतिक अधिकारभित्र संगीतको आफैंमा महत्त्वपूर्ण स्थान रहन्छ । यस विषयमा एक प्रकाशनमा "पौरस्त्य सङ्गीत परम्पराको आधार नै सामवेद हो भन्न सजिलै सकिन्छ " भनी उल्लेख पनि भएको छ (लुइटेल, २०८१) । यसको अतिरिक्त सामवेदले मानव अधिकारका अन्य विषयहरूलाई पनि उल्लेख गरेको छ, जसलाई तलका ऋचा र तिनीहरूको भावबाट प्रष्ट गर्ने प्रयास गरिएको छः

घोषणापत्रको धारा ३ को भावनालाई सम्बोधन हुने गरी यस वेदको पूर्वार्चिक काण्ड, आग्नेय पर्वको प्रथम खण्डमा संसारप्रति शत्रुताको भावना देखाउने व्यक्ति र शत्रुबाट मानिसको रक्षा हुनुपर्ने आशय निम्नबमोजिम व्यक्त भएको छः

*तव नो अग्ने महोभिः पाहि विश्वस्या अरातेः ।*

*द्विषो मर्त्यस्य ।।६।।*

यस्तै पापबाट बचाउँदै रक्षा गर्न तृतीय खण्डले निम्नबमोजिम प्रेरित गरेको छ ।

*अग्ने रक्षा णो अंहंसः प्रतिष्म देव रीषतः ।*

*तपिष्ठैरजरो दह ।।४।।*

घोषणापत्रको धारा ३ को भावना अनुकुलको व्याख्या द्वितीय अध्यायको खण्ड २ मा पनि उल्लेख भएको सहज अनुमान गर्न सकिन्छ ।उक्त खण्डले मानिसको शान्तिसुरक्षाको विषयलाई प्राथमिकताका साथ देहायबमोजिम उल्लेख गरको छः

*भिन्धि विश्वा अप द्विषः परि बाधो जही मधः ।*

*वसु स्पाहँ तदा भर ।।१०।।*

शान्तिसुरक्षाकै विषयलाई उत्तरार्चिककाण्डको सातौं अध्यायको खण्ड दुईमा पनि उल्लेख छ। यस खण्डले मानिसलाई शत्रुबाट सुरक्षित राख्न गरिएको अनुरोध देहायबमोजिम रहेको छः

*सना दक्षमुत ऋतुमप सोम मृधो जहिः ।*

*अथा नो वस्यसस्कृधि ।।३।।*

तेस्रो खण्डले पनि सबै हिंस्रक शत्रु विनाश गरेर उनीहरूलाई मानिसबाट टाढा पुर्‍याउन भनेको छ ।यस खण्डमा देहायबमोजिमको व्यहोरा उल्लेख छः

*भिन्धि विश्वा अप द्विषपरि बाधो जहीमृधः ।*

*वसुस्पार्ह तदा भर ।।४।।*

शान्तिसुरक्षा कै विषयमा नागरिकलाई शत्रुबाट रक्षा गर्न सधैं तयार हुनुपर्ने आशय आठौं अध्यायको खण्ड दुइमा पनि उल्लेख छ । नागरिकलाई रक्षा गर्नुपर्ने विषयलाई त्यहाँ निम्नबमोजिम उल्लेख गरिएको छः

*पवमानो अभि स्पृधो विशो राजेव सीदति ।*

*यदीमृण्वन्ति वेधसा ।।५।।*

यो विषय तेह्रौं अध्यायको खण्ड तीनको पाचौं, छैठौं र सत्रौं अध्यायको खण्ड १ अन्तर्गतका ऋचाहरूमा पनि उल्लेख भएको छ ।अठारौं अध्यायको खण्ड १ अन्तर्गतका ऋचाहरूमा पनि यो विषयले स्थान पाएको छ ।

घोषणापत्रको धारा २५ र आर्थिक अनुबन्धको धारा १२ को भावना र आशय अनुकुलको व्यवस्था पनि यस वेदमा उल्लेख छ । यस सन्दर्भमा स्वास्थ्यका लागि शुद्ध पिउने पानीको व्यवस्था हुनुपर्ने विषय निम्नबमोजिम उल्लेख भएको छः

*शं नो देवीरभिष्टये शं नो भवन्तु पीतये ।*

*शंयोरभि स्रवन्तु नः ।।१३।।*

घोषणापत्रको यसै धारा र आर्थिक अनुबन्धको धारा १२ मा उल्लेख भएको स्वास्थको अधिकारको विषयलाई यसै अध्यायको खण्ड ७ मा औषधिले मानिसलाई दीर्घजीवी बनाओस् भन्दै निम्नबमोजिम उल्लेख गरिएको छः

*वात आ वातु भेषजं शम्भु मयोभु नो हृदे ।*

*प्रण आयुँषि तारिषत्।।१०।।*

उत्तरार्चिक काण्डको अध्याय १३ को खण्ड १ मा पनि स्वास्थ्य र उपभोक्ताको अधिकारसँग प्रत्यक्ष सम्बन्धित विषयहरू चर्चा भएका छन् । सो खण्डमा वर्षा गराउँदै रोग नाशक अन्नमात्र उपलब्ध गराउन देहायबमोजिम अनुरोध भएको छः

*पवस्व वृष्टिमा सु नोऽपामुर्मिं दिवस्परि ।*

*अयक्ष्मा बृहतिरीष ।।१।।*

घोषणापत्रको धारा २५ र आर्थिक अनुबन्धको धारा ११ को आवासको विषयले पनि पूर्वार्चिक काण्डको प्रथम अध्यायको प्रथम खण्डमा स्थान पाएको छ, जसले उपयुक्त बासको उपलब्ध गर्नु/गराउनुपर्ने विषयलाई देहायबमोजिम उल्लेख गरेका छन्ः

*अग्ने विवस्सदा भरास्मभ्यमूतये महे ।*

*देवो हयसी  नो दृशे।।१०।।*

यस ऋचाले अग्निदेवतासँग उपयुक्त बासको व्यवस्था गरिदिन अनुरोध गरेको छ ।

यस्तै भाव र आशय उतरार्चिक काण्डको अध्याय एघारौंको खण्ड १ मा पनि उल्लेख छ । सो खण्डले देवताहरू आउँदा पनि मानिसको आवास पनि सुरक्षित हुनुपर्ने तर्फ देहायबमोजिम इङ्गित गरेको छः

*सुप्रावीरस्तु स क्षयः प्र नु यामन्त्सुदानवः ।*

*ये नो अंहोऽतिपिप्रति।।६।।*

अर्को अर्थमा मानिसमाथि हुन सक्ने हानी, पीडा र उसले गर्न सक्ने दूषित एवम् हानिकारक कार्यबाट बचाउनुपर्ने भनेर पनि बुझ्न सकिन्छ।

सम्पत्तिको अधिकारसम्बन्धी व्यवस्थाले पनि यस वेदमा स्थान पाएको छ । घोषणापत्रको धारा १७ मा उल्लेख भएको सम्पतिको अधिकारसँग मिल्दोजुल्दो व्यवस्था पूर्वार्चिक काण्डको दोश्रो अध्यायको खण्ड ९ र १० मा छ ।जसमा धनले सधैं पूर्ण गराउने गरी स्थायी सम्पत्ति प्रदान गर्नु भनी देहायबमोजिम उल्लेख गरिएको पाइन्छः

*इन्द्र इषे ददातुन ऋभुक्षणमृभुं रयिम् ।*

*वाजी ददातु वाजिनम्।।६।।*

*यद्वीडाविन्द्र यत्स्थिरे यत्पशर्ने पराभृतम् ।*

*वसु स्पार्हँ तदा भर ।।४।।*

धनसम्पत्तिका सम्बन्धमा उतरार्चिक काण्डको अध्याय २ को खण्ड १ मा पनि उल्लेख छ । सो खण्डमा धनको रूपमा अन्न, गाई र सुनका बारेमा पनि देहायबमोजिम चर्चा भएको छः

*त्वं न इन्द्र वाजयुस्त्वं गव्यु शतक्रतो ।*

*त्वं हिरण्ययुर्वसो ।।६।।*

यसबाहेक धनको अधिकारसँग सम्बन्धित विषय उन्नाईसौं अध्यायको खण्ड दुईको आठौं ऋचामा पनि उल्लेख भएको छ । सो ऋचाले नागरिकलाई धनबाट परिपूर्ण बनाउनलाई निर्देशित गरेको छ ।

सामवेदमा खाद्यान्नको अधिकारको विषयले पनि स्थान पाएको छ । घोषणापत्रको धारा २५ र आर्थिक अनुबन्धको धारा ११ मा उल्लेख भएको भोजनको अधिकारको आधारभूत तत्त्व अन्नको बारेमा उल्लेख छ । उतरार्चिक काण्डको अध्याय १ को खण्ड ३ मा मानिसलाई आवश्यक पर्ने सबै खालका अन्न प्राप्ति र त्यसको सही सदुपयोग सम्बन्धमा चर्चा छ ।यसले मानिसको खाद्यान्नको अधिकार संरक्षण हुनुपर्ने तर्फ सचेत गराएको छ, जसलाई निम्नबमोजिम उल्लेख गरिएको छः

*एना विश्वान्यर्य आ द्युम्नानि मानुषाणाम् ।*

*सिषासन्तो वनामहे ।।३।।*

समानताको दृष्टकोणबाट हेर्दा यस वेदका एक प्रमुख पात्र सोमदेवले सबैमाथि समान दृष्टि राख्नुपर्ने उल्लेख छ ।सोमदेवलाई राज्यको प्रतिनिधि मानेर हेर्दा यसलाई घोषणापत्रको धारा १, नागरिक अनुबन्धको धारा १ र १६ तथा संविधानको धारा १८ सँग तुलना गर्न सकिन्छ ।सबैलाई समान दृष्टिले हेर्ने वा व्यवहार गर्नुपर्ने सम्बन्धी व्यवस्था उतरार्चिक काण्डको अध्याय ३ को खण्ड १ मा देहायबमोजिम उल्लेख छः

*वृषा ह्यसि भानुना द्युमन्तं त्वा हवामहे ।*

*पवमान स्वर्दृशम् ।।१०।।*

असह्य बन्धनमा रहेको व्यक्तिलाई बन्धनबाट मुक्त गर्नुपर्ने जिम्मेवारी सोमदेवलाई तोकिदिएको देखिन्छ ।त्यस्तो जिम्मेवारीसम्बन्धी व्यवस्था उतरार्चिक काण्ड अध्याय पाँचको प्रथम खण्डमा देहायबमोजिम उल्लेख छः

*सुवितस्य वनामहेऽति सेतुं दुराय्यम् ।*

*साह्याम दस्युमव्रतम् ।।८।।*

यस ऋचालाई आधुनिक मानव अधिकारसँग तुलना गरेर हेर्दा घोषणापत्रको धारा ९ सँग सम्बन्धित छ । सम्पत्ति र खाद्यान्न अधिकारका सन्दर्भमा घोषणापत्रको धारा २५ र आर्थिक अनुबन्धको धारा ११ मा उल्लेख भएका विषयहरू सामवेदमा सन्तानका लागि समेत सम्पत्ति र खाद्यान्न उपलब्ध गराउनुपर्ने भनी उल्लेख छ । उल्लिखित काण्डको छैठौं अध्यायको खण्ड ४ मा यससँग सम्बन्धित मानिसलाई सहस्र अन्न र धनले सम्पन्न गराउन तल उल्लेख भएबमोजिम आह्वान भएको छः

*इषं तोकाय नो दधदस्मभ्यं सोम विश्वतः ।*

*आ पवस्व सहस्रिणम्।।३।।*

सम्पत्तिसम्बन्धी विषयमा यसै काण्डको अध्याय १२ को छैठौं खण्डमा पनि उल्लेख छ ।

बालबालिकलाई आमाको दुध खुवाएमा ऊ हृष्टपुष्ट हुने सन्दर्भ पनि यस वेदमा उल्लेख छ अर्थात् बालबालिकालाई हृष्टपुष्ट र स्वस्थ राख्नुपर्ने आशय र भाव व्यक्त भएको छ ।यस सम्बन्धमा उतरार्चिक काण्डको दशौं अध्यायको एघारौं खण्डले देहायबमोजिम सङ्केत गरेको छः

*तमिद्वर्धन्तु नो गिरो वत्सं संशिश्वरीरिव ।*

*य इन्द्रस्य हृदंसनिः।।१४।।*

सन्तानको पोषणका सम्बन्धमा उन्नाइसौं अध्यायको खण्ड दुईको सातौं ऋचामा पनि उल्लेख गरिएको छ । सङ्गठन गर्न पाउने सम्बन्धी व्यवस्था घोषणापत्रको धारा २० र संविधानको धारा १७ को प्रावधान साङ्केतिक रूपमा यस वेदमा पनि उल्लेख भएको छ । उतरार्चिक काण्ड कै अध्याय १२ को खण्ड पाँचले सङ्गठन गर्ने विषयमा सहयोग गर्न तल उल्लेख भएबमोजिम आह्वान गरेको छः

*पिबा सुतस्य रसिनो मत्स्वा न इन्द्र गोमतः ।*

*आपर्नो बोधि सधमाद्ये वृधेधऽस्माँ अवन्तु ते धियः ।।७।।*

घोषणापत्रको धारा २५ ले अप्रत्यक्ष र संविधानको धारा ४४ ले प्रत्यक्ष रूपमा उल्लेख गरेको उपभोक्ताको अधिकारका बारेमा अध्याय चौधले केही न केही सन्देश प्रवाह गरेको छ । यस अध्यायको चौथो खण्डले व्यापारीलाई मार्गनिर्देशन गर्न अग्निदेवसँग निम्नबमोजिम अनुरोध गरिएको छः

*आग्ने स्थूरं रयिं भर पृथुं गोमन्तपश्विन् ।*

*अङ्घि खं वर्तया पर्णिम् ।।६।।*

### *३.४ अथर्ववेदमा मानव अधिकार*

अन्य वेदहरूमा जस्तै अथर्ववेद (लुइटेल, २०८१) मा पनि मानव अधिकारसँग सम्बन्धित कतिपय विषयहरू उल्लेख भएको पाइन्छ । आज हामीले प्रयोगमा ल्याइरहेका पाँच अधिकारभित्रको एक अधिकार सामाजिक अधिकार हो, जसभित्रको एक प्रमुख अधिकार स्वास्थ्यको अधिकार हो । यस सम्बन्धमा अथर्ववेदले रोगबाट स्वस्थ रहनका लागि सूर्यको पोषणले शरीरभित्र रहेका अन्य विकृतिसहित मूत्रसम्बन्धी रोग पनि हटेर जाने उल्लेख गरेको छ ।यस सम्बन्धमा यस वेदको प्रथम काण्डको मूत्रमोचन सूक्तमा निम्नबमोजिम उल्लेख भएको छ :

*विद्या शरस्य पितरं सूर्यं शतवृष्ण्यम् ।*

*तेना ते तन्वेव शं करं पृथिव्यां ते निषेचनं बहिष्टेअस्तु बालिति ।।४।।*

*प्र ते भिनद्मि मेहनं वर्त्रं वेशन्तया इव ।*

*एवा ते मुत्रं मुच्यातां बहिबार्लीति सर्वकम् ।।७७।।*

मूत्रमोचन सूक्तमा जस्तै अपांभेषज सूक्तमा पनि सूर्यको किरणमा औषधिजन्य गुण हुने भन्दै देहायबमोजिम उल्लेख छः

*आपः पृणीत भेषजं वरुथ तन्वेघं मम ।*

*ज्योक् च सूर्यं दृश्ये ।।३।।*

वर्तमानमा चिकित्सकले घाममा बसेमा कतिपय रोगबाट बच्न सकिन्छ भनी दिएका सुझाव र यसले स्वास्थ्यको अधिकार प्रचलनमा पारेको प्रभावको सन्दर्भमा यो ऋचा अहिले पनि सान्दर्भिक देखिन्छ । मानव अधिकारको उदीयमान विषयका रूपमा रहेको वातावरणीय अधिकार र स्वास्थ्यको अधिकारलाई साथै राखेर हेर्ने हो भने सूर्यजस्तै पानीले पनि मानिसलाई स्वास्थ्य राख्न औषधिका रूपमा काम गर्ने उल्लेख छ । यस वेदको अपांभेषज सूक्तले पानी स्वस्थ जीवनको मूल स्रोत भएकोले मानिसको अस्तित्व सुरक्षित राख्न यसको संरक्षण, सम्मान आवश्यक भएको आशय देहायबमोजिम उल्लेख भएको छः

*ईशाना वार्याणां क्षयन्तीशचर्षणीनाम् ।*

*अपो याचामि भेषजम् ।।४।।*

माथि उल्लेख भएबमोजिम स्वास्थ्यको अधिकारजस्तै बालअधिकारसम्बन्धी महासन्धि, १९८९ (यसपछि बाल महासन्धि भनिएको) र संविधानको धारा ३९ र यससँग सम्बन्धित बालअधिकारसम्बन्धी ऐन, २०७५ ले उल्लेख गरेको बालबालिकाको अधिकारका बारेमा पनि यस

वेदमा उल्लेख गरिएको छ । यस वेदको द्वितीय काण्डको सूक्त २८ मा बालबालिकाको दीर्घायु जीवनको कामना गरिएको पाइन्छ । जहाँ अग्निदेवलाई संरक्षक (राज्य) मान्दै दीर्घायु प्राप्ति शीर्षकमा रहेको उक्त सूक्तका सबै पाँच वटा ऋचाहरूमा बालबालिकाको दीर्घायुका लागि निर्वाह हुनुपर्ने भूमिकाका बारेमा निम्नबमोजिम उल्लेख गरिएको पाइन्छः

*तुभ्यमेव जरिजन् वर्धतामयं मेममन्ये मृत्यवो हिंसिषुः शतं ये ।*

*मातेव पुत्रं प्रमना उपस्थे मित्र एनं मित्रियात् पात्वंहसः ।।१।।*

यस ऋचाले बालबालिकामाथि हिंसा नगर्न र आमाले काखमा लिएझैं बालकको संरक्षण गरी मित्रदोहका पापबाट मुक्त गराउन,

*मित्र एनं वरुणो वा रिशादा जरामृत्युं कुणुतां संविदानौ ।*

*तदग्निहोंता वयामि विद्वानं जनिमा विवक्ति ।।२।।*

बालबालिकाले पूरा उमेर जीउन पाउनुपर्छ भन्ने आसयका साथ उनीहरू शत्रुबाट मारिन सक्ने भएकाले त्यस्तो अवस्था आउन नदिन,

*त्वमीशिषे पशूनां पार्थिवानां ये जाता उत वा ये जनित्राः ।*

*मेमं प्राणो हासीन्मो अपानो मेमं मित्रा वधिषुर्मो अमित्रा ।।३।।*

बालबालिकाको प्राण र ऊर्जाशीलतालाई कायम राख्न र उनीहरूलाई शत्रु वा मित्र दुवैबाट सुरक्षित राख्न,

*द्यौष्ट्वा पिता पृथिवी माता जरामृत्युं कृणुतां संविदाने ।*

*यथा जीवा अदितेरूपस्थे प्राणापानाभ्यां गुपितः शतं हिमाः ।।४।।*

बालबालिकाले जन्मलिइसकेपछि उनीहरूको जीवन र ऊर्जाशीलतालाई निरन्तरता दिँदै माता वा पिता भएर वृद्ध अवस्थासम्म बाँच्ने अवस्था सिर्जना गर्न र

*इममग्न आयुषे वर्चसे नय प्रियं रेते वरुण मित्र राजन् ।*

*मातेवास्मा अदिते शर्म यच्छ विश्वे देवा जरदष्टिर्यथासात् ।।५।।*

बालबालिकाले असमयमा नै मृत्युवरण गर्नुपर्ने अवस्था आउन नदिई उनीहरूलाई सभ्य एवं सुसंकृत बनाउँदै सन्तान उत्पादन गर्न सक्षम बनाइ सय वर्षको आयु प्रदान गर्ने समेतका सन्देश यी ऋचाहरूले दिएका छन् ।

महिला महासन्धिको धारा १२ र संविधानको धारा ३८ मा उल्लेख भएको प्रजनन् स्वास्थको अधिकार र धारा ३९ मा उल्लेख भएको बालबालिकाको अधिकारका विषयलाई पनि द्वितीय काण्डको सूक्त ३६ ले तल उल्लेख भएबमोजिम कुनै न कुनै रूपमा सम्बोधन गरेको छः

*आ ते नयतु सविता नयतु पतिर्यः प्रतिकाम्यः ।*

*त्वमस्यै धेह्योषधे ।।८।।*

यस ऋचामा आफूले रुचाएको पतिसँग महिलाले विवाह गर्न पाउने समेतका विषय उल्लेख भएका छन् ।यस्तै विषय ऋचा ५ र ८ मा पनि उल्लेख छ ।यसबाहेक विवाहपछि गर्भवती महिलालाई सहयोग गर्नुपर्ने तर्फ काण्ड १ को सूक्त ११ मा निम्न व्यहोरा उल्लेख गरेको छः

*वषट तेषूषन्नस्मिन्त्सूतावर्यमा होता कृणोतु वेधाः ।*

*सिस्रतां नार्यतप्रजाता वि प्रवाणि जिहतां सूतवा उ ।।१।।*

यस ऋचाले गर्भवती महिलालाई प्रसूतिको समयमा सहयोग गर्नुपर्ने भनी उल्लेख गरेको छ । प्रसुति भइसकेपछि गर्भमा शिशुलाई बेरेर राखेको साल महिलाको शरीरभित्र रहेमा त्यसले थप समस्या ल्याउने भएकाले हटाएर सफा गर्नुपर्छ भनी निम्नबमोजिम निर्देशन भएको छः

*नेव मांसे न पीवसि नेव मज्जस्वाहतम्।*

*अवैतु पृश्नि शेवलं शुने जराय्वत्तवेऽव जरायु पद्यताम्।।४।।*

गर्भपतन गर्ने वा शिशु जन्मिसकेपछि मार्ने कार्यलाई काण्ड ८ को सूक्त ६ ले निम्नबमोजिम उल्लेख गरेको छः

*यस्ते गर्भ प्रतिमृशाज्जातं वा मारयाति ते।*

*पिङ्गस्तमुग्रधन्वा कृणोतु हृदयाविधम।।१८।।*

अर्थात् यस ऋचामा गर्भ बिगार्ने वा जन्मिएका शिशु मार्न खोज्नेलाई पनि सजाय गर्नुपर्ने तर्फ इंगित गरिएको छ।समग्रमा भ्रूण हत्या गर्ने वा शिशु मार्नेलाई कडा सजाय दिनुपर्ने समेतका विषयहरू उल्लेख छन् ।

अथर्ववेदले अपराध नियन्त्रण गरी शान्तिसुरक्षाको व्यवस्था गर्न र दोषीलाई कारवाही हुनुपर्ने सन्देश पनि दिएको छ ।यस वेदको चतुर्थ काण्डको सूक्त ३६ ले विशेषतः शान्तिसुरक्षा कायम राख्ने र दण्डहीनताले प्रश्रय नपाओस् भन्ने विषयमा देहायबमोजिम सन्देश प्रवाह गरेको छः

*यो नो दिप्सददिप्सतो दिप्सतो यश्च दिप्सति।*

*वैश्वानरस्य दंष्ट्रयोरग्नेरपि दमाधि तम ।।२।।*

अर्थात् निर्दोषलाई मार्न खोज्ने, पीडा दिनका लागि कुटपीट गर्ने, झुटो आरोप लगाउनेलाई कारवाही हुनुपर्दछ । यही सन्देश मण्डल ५ को सूक्त ३१ को ऋचा १२ र मण्डल २० को सूक्त ७८ को ऋचा ३ मा पनि प्रवाह भएको छ । यसले मानिसको मर्यादालाई ख्याल गर्दै गालीगलौज गर्न नहुने, हिंसा र चोरी गर्ने कार्यमा संलग्नलाई कारवाही गर्नुपर्ने व्यवस्था छ ।

आर्थिक अनुबन्धको धारा ११ मा उल्लेख भएको खाद्यान्नको अधिकार र यससँग सम्बन्धित विषयमा यस वेदको मण्डल तीनको सूक्त १७ को एक ऋचामा देहायबमोजिमको व्यहोरा उल्लेख छः

*इन्द्रः सीतां नि गृह्वातु तां पूषाभि रक्षतु।*

*सानः पयस्वती दुहामुत्तरामुत्तरां समाम्।।४।।*

यस ऋचाले खाद्यान्न उत्पादनका लागि अति आवश्यक कृषियोग्य जमिनको व्यवस्थापन गर्न इन्द्र देवता र त्यसको रेखदेख गर्न पुषादेवलाई जिम्मेवारी दिँदै यो धर्ती खाद्यान्न र जलले भरिपूर्ण हुनुपर्ने भनिएको छ । खाद्यान्न उत्पादन गर्ने किसानको अभावमा हुन सक्नेतर्फ पनि अथर्ववेद सचेत देखिन्छ ।उत्पादनको लागि किसान खुसी हुनुपर्ने विषयलाई यही सूक्तमा देहायबमोजिम उल्लेख गरिएको छः

*शुनं वाहाः शुनं नरः सुनं कृषतु लाङ्गलम् ।*

*शुनं वरत्रा बध्यन्ताम शुनमष्ट्रामुदिङ्गय।।६।।*

खेतीका लागि चाहिने पानीको सन्दर्भमा वर्षा गराएर सिंचित गर्न देवतासँग देहायबमोजिम अनुरोध गरिएको छः

*शुनासीरेह स्म मे जुषेथाम् ।*

*यद् दिवि चक्रथुः पयस्तेनेमामुप सिञ्चितम् ।।७।।*

यस ऋचाले सारमा वर्षा गराएर जमिनलाई सिञ्चित गर भनी उल्लेख गरेको छ । हाल उदीयमान अधिकारका रूपमा मानिएको वातावरण र स्वास्थको अधिकार सम्बन्धमा पनि अथर्ववेदमा उल्लेख छ ।आर्थिक अनुबन्धको धारा १२ को उपधारा २ को खण्ड (ख) र संविधानको धारा ३० मा उल्लेखित स्वच्छ वातावरणको हकको विषयलाई गहिरो रूपमा सम्बोधन भएको छ । जमिनमा शुद्ध पानी सिञ्चित गर्नुपर्ने, भूमिको संवृद्धिका लागि समयमा वर्षा हुनका लागि जमिन तातो हुने अवस्था आउन नदिन वनस्पतिको संरक्षण गर्नुपर्ने, नदी तथा हावा शुद्ध हुनुपर्ने लगायतका विषयहरू काण्ड ७ को सूक्त १९ मा देहायबमोजिम उल्लेख भएको छः

*न घ्रंस्तताप न हिमो जघान प्र नभतां पृथिवी जीरदानुः ।*

*आपश्चिदस्मै घृतमित् क्षरन्तियत्र सोमः सदमित् तत्र भद्रम ।।२।।*

जीवनदायी र उपचारात्मक वनस्पति भएका ठाउँमा हिउँ र गर्मीले दुःख नदिने, वर्षा समयमा नै भई भूमि संवृद्ध हुने भएकाले वातावरणलाई शुद्ध राख्नुपर्ने भनी यस ऋचाले भन्न खोजेको छ। यस्तै उन्नाइसौं काण्डको सूक्त एकले वातावरण संरक्षणलाई सम्बोधन गर्न खोजेको छ । उक्त सूक्तले नदी र हावा उचित तरिकाले प्रवाह हुनुपर्ने तथा चराहरूले स्वभाविक रूपमा उड्न पाउनुपर्ने भनी देहायबमोजिम उल्लेख गरेको छः

*सं सं स्रवन्तु नद्यञ्ः सं वाताः सं पतत्रिणाः ।*

*यज्ञमिमं वर्धयता गिरः संस्रव्येण हविषा जुहोमि ।।१।।*

यस ऋचाले पानी र हावा शुद्ध नभएमा स्वास्थमा हुन सक्ने हानिका बारेमा सोच्न बाध्य बनाएको छ ।अझ सूक्त दुईको एक ऋचामा त जललाई तल उल्लेख भएबमोजिम औषधिको रूपमा नै उल्लेख गरिएको छ :

*ता अपः शिवा अपोऽयक्ष्मंकरणीरपः।*

*यथैव तृप्यते मयस्तास्त आ दत्त भेषजी ।।५।।*

अर्थात् हानिकारक रोगहरूलाई नियन्त्रण गर्ने सक्षम औषधिको रूपमा रहेको पानी मङ्गलकारी हुने र त्यसले सुख—शान्तिसमेत् दिन्छ भन्ने आशय व्यक्त भएको छ, जसलाई स्वास्थ्यको अधिकारसँग जोडेर हेर्न सकिन्छ।

## ५. निष्कर्ष

मानव अधिकारका आधुनिक (अर्थात् सन् १९४५ पछि विकसित) दस्तावेजहरूसँग तुलना गरेर हेर्ने हो भने वेदमा 'मानव अधिकार' भन्ने शब्दको प्रयोग भएको छैन तर आधुनिक दस्तावेजहरूमा उल्लेख भएका अधिकारका कतिपय विषयहरू वेदमा कुनै न कुनै रूपमा रहेका छन्।देववाणीका रूपमा विकास भएको वेदमार्फत् ऋषिहरूलाई ज्ञान प्रदान गर्ने क्रममा मानव अधिकारका विषयहरूले पनि प्रवेश पाएका हुन्।वेदमा उल्लेख भएका शान्तिसुरक्षा, स्वास्थ्य, शिक्षा, रोजगारी, महिला, बालबालिका, खाद्यान्न, वातावरण, दोषीलाई कारवाही, सङ्गठित हुन पाउने, बन्दीप्रति गर्नुपर्ने व्यवहार, पारिवारिक अधिकार लगायतका विषयहरू आधुनिक मानव अधिकारका पनि महत्त्वपूर्ण पक्ष भएबाट यस निष्कर्षमा पुग्न सकिन्छ ।

उल्लिखित विषयहरूले नै आधुनिक मानव अधिकारका दस्तावेजहरूमा पर्याप्तमात्रामा स्थान पाएका छन्। यस आधारमा चारवटै वेद र ती वेदमा उल्लेख भएका विषयहरू आधुनिक मानव अधिकारका दार्शनिक र नैतिक आधार हुन भनी सहजताका साथ भन्न सकिन्छ। यसले वेदलाई मानव अधिकारको स्रोत पनि भन्न सकिन्छ। वेदले 'मानव अधिकार' शब्दको प्रयोग गरेको छैन तर माथि उल्लेख भएका तथ्यहरूले मानव अधिकारका विषयहरूको बारेमा पर्याप्त रूपमा चर्चा भएको ग्रन्थ हो भनी स्पष्ट गरेको छ। त्यसैले आज हामीले प्रचलन गरिरहेका अधिकारहरूलाई सम्बोधन गर्ने वेद सम्भवतः पहिलो दस्तावेज हो । करिब आठ सय वर्ष पुरानो म्यागनाकार्टा र त्यसपछि विकसित भएका मानव अधिकारका दस्तावेजहरूको पनि आधार हो भन्न सकिन्छ। मानव अधिकारको उत्पत्ति र विकासका बारेमा चर्चा गर्दा आउने सन् १२१५ को म्यागनाकार्टा, त्यसपछि विकास भएका संयुक्त राज्य अमेरिकाको सन् १७८९ को बिल अफ राइट्समा पनि 'मानव अधिकार' शब्दको प्रयोग नभएको सन्दर्भले पनि यस तथ्यलाई समर्थन गरेको छ।

'मानव अधिकार' शब्दको पहिलो प्रयोग सम्भवतः फ्रान्सको मानिस तथा नागरिकका अधिकारहरूको १७८९ को घोषणापत्रबाट भएको हो, जसलाई सन् १९४५ को संयुक्त राष्ट्रसङ्घको बडापत्रले पनि निरन्तरता दिएको हो। यस तथ्य र सन्दर्भलाई जोडेर हेर्दा मानव कल्याणको दृष्टिकोणबाट वेदमा उल्लेख भएका विषयहरू नै हाल अधिकारको रूपमा परिणत भएको अनुमान गर्न सकिन्छ तर यस विषयमा औपचारिक रूपमा अध्ययन अनुसन्धान गर्ने र खोज गर्ने कार्य हुनसकेको छैन। मानव अधिकारको विषय पौरस्त्य दर्शनसँग जोडेर अध्ययन हुनसकेको छैन। यो विषय पाठ्यक्रममा राखेर अध्ययन, अध्यापन गर्ने/गराउने कार्य पनि प्राथमिकतामा पर्न सकेको छैन। त्यसैले यस विषयलाई मानव अधिकार शिक्षामा अनिवार्य रूपमा समावेश हुनुपर्ने देखिएको छ। पौरस्त्य दर्शनको रूपमा रहेका हिन्दु, बौद्ध र किरात सभ्यतामा विकसित दस्तावेजहरूबाट यसको खोज गरी मानव अधिकार पौरस्त्य दर्शनबाट विकसित भएको हो भनी विश्वव्यापी सन्देश फैलाउन आवश्यक देखिन्छ।

उल्लिखित कार्यका लागि विद्यालय र विश्वविद्यालयमा अध्ययन/अध्यापन गराउने कार्यमा ध्यान दिन आवश्यक छ। यस कार्यबाट पौरस्त्य दर्शनमा रहेका मानव मर्यादा र स्वतन्त्रताका विषयहरूले मानव अधिकारको रूपमा प्रकट हुने अवसर पाउने निश्चत छ। साथै अङ्ग्रेजी भाषामा लेखिएका वा चर्चा गरिएका विषयवस्तुमात्र मानव अधिकारका वैधानिक आधार हुन् भन्ने मान्यतामा पनि परिवर्तन हुने निश्चित छ। अतः पौरस्त्य दर्शनमा रहेका मानव अधिकारका विषयहरूको खोजी गर्नका लागि विद्यालयतहदेखि महाविद्यालय तहसम्मका पाठ्यक्रममा यस विषयलाई पनि समावेश गर्न जरुरी छ।

## सन्दर्भ सामग्रीहरू


कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय (वि.सं.२०७२). *नेपालको संविधान.* कानुन किताब व्यवस्था समिति ।

कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय (वि.सं.२०७५). *नेपालको संविधानमा समावेश भएका मौलिक हक कार्यान्वयन गर्न जारी भएका ऐनहरू* कानुन किताब व्यवस्था समिति ।

बञ्जाडे, मोहन (वि.सं.२०७३ पुष), सनातनदर्शन र मानव अधिकार, मानव अधिकार, *संवाहक, अंक ३,* राष्ट्रिय मानव अधिकार आयोग ।

कानुन, न्याय, संविधानसभा तथा संसदीय मन्त्रालय (२०७२). *मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूको संगालो,* काठमाडौ, नेपाल ।

राधाकृष्णायन, सर्वेपल्लि (सन् १९१७), *भारतीय दर्शन,* राजपाल एण्ड सन्स् साहित्य परिवार, दिल्ली।

लुइटेल, तिलकप्रसाद (वि.सं.२०८२), *ऋग्वेद (नेपालीमा),* विद्यार्थी पुस्तक भण्डार, काठमाडौ ।

लुइटेल, तिलकप्रसाद (वि.सं.२०८०), *यजुर्वेद (नेपालीमा),* विद्यार्थी पुस्तक भण्डार, काठमाडौ ।

लुइटेल, तिलकप्रसाद (वि.सं.२०८१), *सामवेद (नेपालीमा),* विद्यार्थी पुस्तक भण्डार, काठमाडौ ।

लुइटेल, तिलकप्रसाद (वि.सं.२०८१), *अथर्ववेद (नेपालीमा),* विद्यार्थी पुस्तक भण्डार, काठमाडौ ।

साइन्स इन्फोटेक (अक्टोवर ११, २०१६), *वेदहरूको महत्त्व,* https://scienceinfotech.com.np/3532676/

सिवाकोटी, कैलाशकुमार (वि.सं.२०८१)। *मावन अधिकार र मानवीय कानुनको आयाम भाग १,* पैरवी बुक हाउस प्रा.लि. काठमाडौं, ।

Bryant, E. (2001). *The Quest for the Origins of Vedic Culture: The Indo-Aryan Migration* Debate, ('The Date of the Veda), Oxford University Press, https://academic.oup.com/book/9484

Koul, S. (2024). *The Rig Veda: A Gateway to Understanding Ancient Indian Spirituality*, https:/sanjaya-koul.blogpost.com,